**वैठक नं ३४**

मितिः २०७९।१२।१७ गते शुक्रबार, जिल्ला सरकारी वकील कार्यालय, बर्दियाको कार्यालय सम्बन्धी कामकाजलाई प्रभावकारी बनाउन कर्मचारीको वैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

श्री नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता

श्री डिल्लीराज ज्ञवाली, सहायक जिल्ला न्यायाधिवक्ता

श्री भगवती शर्मा पौडेल, टाईपिष्ट नायव सुब्बा

श्री सरोज जि.सी, नायव सुब्बा

श्री जावन सिंह रामजाली, खरिदार

श्री बालकृष्ण थारु, हलुका सवारी चालक

श्री निरज थारु, कार्यालय सहयोगी

श्री सुर्यकुमार थारु, कार्यालय सहयोगी

श्री सुजित श्रेष्ठ, सहयोगी

श्री करन बाल्मिकी, सहयोगी

**छलफलका विषयहरू**

१) प्रतिवेदनहरुको समिक्षा सम्बन्धमा ।

२) कार्यालय परिसरको सरसफाई र बगैचा व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं १) प्रस्ताव नं १ का सम्बन्धमा छलफल गर्दा मिति २०७९।९।१७ गतेको कार्यालयको कर्मचारी वैठकबाट वार्षिक कार्ययोजना कार्यान्वयन सम्बन्धमा तथा शाखा र फाँटहरुको काम प्रभावकारी बनाउने सम्बन्धमा कार्यालयका कर्मचारीहरुलाई प्रतिवेदन तयार गर्न जिम्मेवारी तोकिएकोमा कर्मचारीबाट प्राप्त प्रतिवेदन माथि छलफल गर्दा कार्यालयको काम कारबाही प्रभावकारी रुपमा सम्पन्न गर्न कर्मचारीहरुको पदीय जिम्मेवारी, क्षमता र सीप अनुसार शाखा र फाँटहरुमा काम गर्ने कर्मचारीहरुको कार्यविभाजन गरी प्रत्येक कर्मचारीहरुको कार्यविवरण तोकी काममा लगाउने निर्णय गरियो ।

निर्णय नं २) प्रस्ताव नं २ का सम्बन्धमा छलफल गर्दा प्रत्येक शुक्रबार निश्चित समय कार्यालयमा हाजिर भएका सबै कर्मचारीहरुले कार्यालय परिसरको सरसफाई गर्ने । कार्यालयको पुरानो भवनको आवासमा बस्ने माथिल्लो पदको कर्मचारीले उक्त भवनको सरसफाई र उचित व्यवस्थापनमा निवासमा बस्ने सबै कर्मचारीहरुसँग सहजिकरण र समन्वयमा भवन सरसफाई र आवश्यक व्यवस्थापन गर्ने । केहि द्विविधा भए प्रशासन हेर्ने सहायक न्यायाधिवक्ता र कार्यालय प्रमुखलाई जानकारी गराउने । कार्यालय परिसरको पालो पहरा सुरक्षा, बगैचा व्यवस्थापन र सरसफाईको उचित प्रबन्धका लागि प्रशासन हेर्ने सहायक न्यायाधिवक्ताले श्रेणिविहिन कर्मचारीहरुलाई परिचालन गर्ने । कुनै द्वविधा भए कार्यालय प्रमुखसँग समन्वय गर्ने ।